apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




● वर्षः १२ ● अंकः १२४ ● पृष्ठः ४ ● ०८ जेठ २०८३ शुक्रबार (22 May 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

# प्रमुख प्रशासकीय अधिकृतको मनपरीको विरोध

## सिरहा नगरपालिकाको आर्थिक प्रशासन शाखामा तालाबन्दी




✍ रुन्केश कामती/अपन दैनिक
सिरहा, जेठ ०७ गते

सिरहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको मनपरीको विरोधमा सिरहा नगरपालिकाको आर्थिक प्रशासन शाखामा तालाबन्दी गरिएको छ।

सिरहा नगरपालिकाका विभिन्न वडाका जनप्रतिनिधिहरूले आर्थिक प्रशासन शाखामा तालाबन्दी गर्न बाध्य भएको हो। योजनाको भुक्तानी, तलब वितरण तथा प्रशासनिक कार्यमा वेवास्ता गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत विनय कुमार सोनुको विरोधमा तालबन्दी गरिएको छ। प्रमुख प्रशासकीय अधिकृत सोनुको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै वडा नं. १, ५, ७, १२, १७ र २२ का जनप्रतिनिधिले उक्त शाखामा तालाबन्दी गरेका छन्।

योजनाको भुक्तानीमा अनावश्यक ढिलाइ, निर्णय कार्यान्वयनमा बेवास्ता तथा सेवाग्राहीप्रति गैरजिम्मेवार व्यवहार गर्दै आएका प्रमुख प्रशासकीय अधिकृत सोनु बिहिबार कार्यालय समयमै एक छिनमै बाहिरिएका थिए। चालू आर्थिक वर्ष सकिन लागेको र अगामी आर्थिक वर्षको निति तथा कार्यक्रम र बजेटको तयारी गर्नुपर्नेमा प्रमुख प्रशासकीय अधिकृत सोनु कार्यालयमा मनपरी गर्दै आएको र नियमित कार्यालयमा पनि नबस्ने गरेका थिए। महिनौं विदापछि गत सोमबारदेखी कार्यालय आउन थालेका सोनु नगरपालिकाको कामलाई प्राथमिकता राख्न बेवास्ता गर्दै आफ्नै सुख सुविधामा तल्लिन रहेको खुलासा भएको छ।

तालाबन्दीपछि नगरपालिकाको आर्थिक कामकाज पूर्ण रूपमा प्रभावित भएको छ। करार स्वास्थ्यकर्मी तथा स्वयंसेवक कर्मचारीहरूले समयमै तलब नपाएको गुनासो गरेका छन् भने विकास निर्माणसम्बन्धी योजनाको भुक्तानी रोकिँदा कामसमेत प्रभावित बनेको छ। दैनिक सेवा प्रवाहमा अवरोध हुँदा सेवाग्राहीहरू समेत समस्यामा परेका छन्।

यस विषयमा प्रतिक्रिया लिन खोज्दा सिरहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनुसँग सम्पर्क हुन सकेन। फोन सम्पर्कको प्रयास गर्दा उनले फोन उठाएनन्।

उता, वडा अध्यक्षहरूको बैठकले 'सरकारको निर्देशन नमान्ने र नगरपालिकालाई बदनाम गर्ने खोज्ने सोनुसँग सहकार्य गर्न नसकिने' निष्कर्ष निकाल्दै हालका प्रमुख प्रशासकीय अधिकृतको सट्टा अर्को अधिकृत पठाउन माग गरेको छ।

सिरहा नगरपालिका वडा ७ का वडा अध्यक्ष विनोद कुमार यादवले जनप्रतिनिधिहरूले नगरपालिकाको कामकाजलाई प्रभावकारी, पारदर्शी र जनउत्तरदायी बनाउन प्रशासनिक सुधार ध्यान दिन खोज्दा प्रमुख प्रशासकीय अधिकृतवाट निरन्तर असहयोग भएको र कार्यालयमा समय नदिई बाहिरै बाहिरै बस्ने

बाँकी पृष्ठ ३ ▸▸

# मधेशमा फेरियो सत्ता समीकरणः

## कांग्रेस सरकारमा एमाले भित्रिँदा जसपा र जनमत बाहिरिए




✍ अपन दैनिक संवाददाता
सिरहा, जेठ ०७ गते

जनमत पार्टीले समर्थन फिर्ता लिएपछि संकटमा परेको कांग्रेस नेतृत्वको मधेश प्रदेश सरकारले विश्वासको मत लिनुअघि सत्ता सारथि दल फेरबदल गरेको छ।

कांग्रेस नेतृत्वको मधेश प्रदेश सरकारले सत्ता सारथि दल जनमत र जनता समाजवादी पार्टी नेपाललाई गठबन्धनबाट बाहिर निकालेर २४ जना प्रदेश सांसद रहेको एमालेसँग गठजोड गरेको छ। एमालेका मोहम्मद

बाँकी पृष्ठ ३ ▸▸

# संविधान संशोधनबारे कुन दलका नेताले कस्तो सुझाव दिए ?



✍ अपन दैनिक संवाददाता
काठमाडौं, जेठ ०७ गते

संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले बिहीबार प्रमुख राजनीतिक दलका नेताहरूसँग छलफल गरेको छ। कार्यदलका संयोजक असिम शाहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विभिन्न दलका नेताहरूलाई बोलाएर छलफल गरेका हुन्।

छलफलमा क्रममा उनले सरकारले एकलौटी रूपमा संविधान संशोधन गर्न खोजेको नभई राष्ट्रिय सहमतिमा साझा बिन्दु पहिल्याउन चाहेको बताए। उनले संविधान जारी हुँदाको राजनीतिक संघर्ष, जनआन्दोलन, मधेश आन्दोलन र शहीदहरूको बलिदानमा प्राप्त उपलब्धीबारे सरकार गम्भीर रहेको पनि बताए।

छलफलमा सहभागी दलका नेताहरूले संविधान संशोधनबारे

बाँकी पृष्ठ ४ ▸▸






# जनयुद्धका शहीद परिवारले घेरे मधेश प्रदेशको गृह मन्त्रालय



✍ अपन दैनिक संवाददाता
जनकपुरधाम, जेठ ०७ गते

जनयुद्धका क्रममा शहीद भएकाहरुको परिवारजनले मधेश प्रदेशस्थित गृह, सञ्चार तथा कानुन मन्त्रालय घेराउ गरेका छन्। मधेश प्रदेशका आठवटै जिल्लाका जनआन्दोलन शहीद परिवारजनले विहीबार जनकपुरधामस्थित गृह मन्त्रालय अगाडि धर्ना दिका छन्।

मूल गेटमै धर्ना दिएका कारणले कर्मचारीहरुसमेत आवतजावत गर्न समस्या भएको छ। कार्यकक्ष भित्रका कर्मचारी बाहिर निस्कन सकेका छैनन् भने बाहिरका कर्मचारी भित्र प्रवेश गर्न कठिन भएको छ।

विगतमा मधेश प्रदेश सरकारले वार्षिक तीन लाख रुपैंयाँ जनही शहीद परिवारलाई दिँदै आएकामा

बाँकी पृष्ठ २ ▸▸

# कांग्रेसले जारी गऱ्यो ३२ बुँदे मधेश संकल्प

✍ अपन दैनिक संवाददाता
सिरहा, जेठ ०७ गते




नेपाली कांग्रेसले ३२ बुँदे मधेश संकल्प जारी गरेको छ। केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले महोत्तरीबाट ३२ बुँदे संकल्प जारी गरेको हो।

संकल्पमा मधेश प्रदेशको पहिचान, समावेशी समानुपातिक प्रतिनिधित्व, मधेशको आत्मसम्मान तथा मधेशको समृद्धिका विषय उल्लेख छ।

संकल्प पत्रमा भनिएको छ,"संविधानप्रदत्त नागरिक स्वतन्त्रता, हक र अधिकारलाई संरक्षण गर्दै

बाँकी पृष्ठ ३ ▸▸







अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

## सम्पादकीय...

# चुरे जोगाउन पोखरी निर्माण

तराई-मधेश क्षेत्रको जीवनरेखा मानिने चुरे अहिले गम्भीर संकटमा छ। अनियन्त्रित वन विनाश, ढुंगा-गिट्टी उत्खनन, जलवायु परिवर्तन र प्राकृतिक जलस्रोतको दोहनका कारण चुरे क्षेत्र दिनप्रतिदिन सुख्खा बन्दै गएको छ। यसको प्रत्यक्ष असर तराई-मधेशका बस्ती, खेतीपाती र जनजीवनमा देखिन थालेको छ। पानीका मुहान सुक्दै गएका छन्, जमिनको चिस्यान हराउँदै गएको छ भने किसानहरू सिँचाइ अभावमा खेती गर्न कठिन भैरहेको छ। यस्तो अवस्थामा लहान नगरपालिकाले अघि सारेको बहुउद्देश्यीय कृत्रिम पोखरी निर्माण परियोजनाले चुरे संरक्षणको अभियानमा सकारात्मक प्रभाव पार्छ।

विगतमा गाउँ-गाउँमा रहेका आहाल, पोखरी र सिमसार क्षेत्रहरूले प्राकृतिक रूपमा पानी सञ्चित गर्ने काम गर्थे। बर्खाको पानी जमिनभित्र सोसिएर भू-जल पुनर्भरण (वाटर रिचार्ज) हुन्थ्यो र वर्षभरि मुहान तथा इनारहरूमा पानी रहिरहन्थ्यो। तर आधुनिक विकासको नाममा यस्ता प्राकृतिक संरचनाहरू मासिँदै गएपछि जमिनले पानी थाम्ने क्षमता गुमाउँदै गएको छ। परिणामस्वरूप चुरे आसपासका क्षेत्रमा खानेपानी र सिँचाइको संकट चर्किँदै गएको छ। यस्तो अवस्थामा कृत्रिम पोखरी निर्माणको अवधारणा अत्यन्तै सान्दर्भिक र आवश्यक देखिन्छ। पोखरीहरूले वर्षाको पानी संकलन गरी जमिनभित्र पानी पुनर्भरण गर्ने वातावरण तयार गर्छन्। यसले आसपासका क्षेत्रलाई चिस्यानयुक्त बनाउनुका साथै सुक्दै गएका पानीका मुहानलाई पुनर्जीवन दिन सहयोग पुर्याउँछ। लहान-१५ र १८ मा निर्माण भइसकेका पोखरीहरूले सकारात्मक प्रभाव देखाउन थालेपछि नयाँ बृहत् पोखरी निर्माण हुनु स्वागतयोग्य कदम हो।

पोखरी निर्माणले वातावरणीय फाइदा मात्र दिँदैन, यसले कृषि क्षेत्रलाई पनि प्रत्यक्ष टेवा पुर्याउँछ। चुरे फेदीका सयौं बिघा खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुग्नु भनेको किसानको उत्पादन वृद्धि हुनु हो। कृषि उत्पादन बढेपछि स्थानीय अर्थतन्त्र बलियो हुन्छ र रोजगारीका अवसरसमेत सिर्जना हुन्छन्। त्यसैगरी, जलाशय क्षेत्रलाई व्यवस्थित रूपमा विकास गर्न सके पर्यापर्यटनको सम्भावना पनि विस्तार हुन सक्छ।

तर यस्ता परियोजनाहरू केवल शिलान्यासमा सीमित हुनुहुँदैन। पोखरी निर्माणसँगै यसको दीर्घकालीन संरक्षण, नियमित मर्मत तथा वैज्ञानिक व्यवस्थापन पनि उत्तिकै आवश्यक छ। स्थानीय समुदायको सहभागिता बिना कुनै पनि संरक्षण अभियान सफल हुन सक्दैन। त्यसैले सरकार, स्थानीय तह, वन उपभोक्ता समूह र नागरिक समाजबीच समन्वय अपरिहार्य छ। तराई-मधेशको जीवन र भविष्यसँग जोडिएको संवेदनशील पर्यावरणीय प्रणाली चुरे क्षेत्र हो। यदि अहिले नै यसको संरक्षणतर्फ गम्भीर पहल गरिएन भने भविष्यमा पानीको संकट अझ भयावह बन्न सक्छ। त्यसैले पोखरी निर्माणजस्ता वातावरणमैत्री परियोजनालाई प्राथमिकताका साथ विस्तार गर्दै चुरे जोगाउने अभियानलाई राष्ट्रिय अभियानका रूपमा अघि बढाउन जरुरी छ।

## जनयुद्धका शहीद परिवारले घेरे मधेश .............

गत वर्षदेखि सरकारले विभेदपूर्ण रुपमा रकम वितरण गरेको मधेशी शहीद प्रतिष्ठानका अध्यक्ष मनोज प्रसाद पटेलले जानकारी दिए।

उनका अनुसार सरकारले भने अनुसार पाउनुपर्ने सबै सहीद परिवारले रकम नपाएको, कतिपयले एक लाख र कतिले दई लाख रुपैयाँ मात्र पाएको बताए।

अध्यक्ष पटेलका अनुसार सरकारले शहीद परिवारहरुलाई पनि वर्गीकरण गरेर विभेद गर्दै आएको छ। सरकारले जेनजी आन्दोलन, मधेश आन्दोलन, जनयुद्धलगायत जुनसुकै शहीदलाई समान मानेर शहीद परिवारलाई सेवा सुविधा उपलब्ध गराउनुपर्ने अध्यक्ष पटेलको भनाइ छ।

जुनसुकै समय र परिस्थितिमा सहादत दिएको भएपनि आखिर राष्ट्रकै लागि शहीद भएकाले सरकारले सम्पूर्ण शहीदहरुलाई समान र विना भेदभावको नजरले हेर्नुपर्ने अध्यक्ष पटेलको भनाइ छ। सरकारले तोकेको रकम सम्पूर्ण शहीद परिवारले पाउनु पर्ने भन्दै गृहमन्त्रालय घेराउ गरेको अध्यक्ष पटेलले जानकारी दिए।

गृह मन्त्रालयले कुनै निर्णय नगरेसम्म आफूहरु धर्ना जारी राख्ने उनले बताए। आगामी बजेटमा पनि सम्पूर्ण शहीद परिवारलाई एकमुष्ट रकम उपलब्ध हुनेगरी बजेट बनाउन जनयुद्धका शहीद परिवारजनको माग छ।

यता गृह, सञ्चार तथा कानुनमन्त्री बाहिर गएको मन्त्रालयका कर्मचारीले जानकारी दिए। गृहमन्त्री फर्किने समय यकिन नभएकाले शहीद परिवारका सदस्यहरु अहिले पनि धर्नामै छन्।


# पुराना दलको असक्षमता र बालेन युगको बाध्यता



✍ शरद रिजाल

## बालेनको मौन विद्रोह

**देशमा शासन व्यवस्था परिवर्तनको आभास जनतालाई पुराना दलहरुले दिलाउन नसकेकै हो। यदि जनआकांक्षा पूरा गरेको भए जेनजी विद्रोहबाट लखेटिनुपर्ने र चुनावबाट बढारिनुपर्ने अवस्था आउने थिएन। त्यसकै निरन्तरतास्वरुप बालेन युग व्यहोर्नुपर्ने बाध्यात्मक र अनिवार्य अवस्था सिर्जना भएको छ।**



नेपाली राजनीतिमा पुस्तान्तरण आरम्भ गर्दै सत्तारोहण गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट प्रधानमन्त्री बनेका बालेन्द्र शाह (बालेन)को कार्यशैली र स्वभावले यतिखेर सबैलाई झस्क्याएको छ।

मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भए पछि पहिलोपटक ३६ वर्षीय युवा प्रधानमन्त्री शाहले देश हाँकेका छन्। सायद, युवा र संसदीय अभ्यासमा नयाँ भएर नै हुनुपर्छ- उनको स्वभाव र कार्यशैली अलि परिपक्व देखिएको छैन। राष्ट्रपतिले नीति तथा कार्यक्रम संसदमा प्रस्तुत गरिरहँदा सदन छाडेर बाहिरिनुले गणतान्त्रिक युगको अभिभावकीय संस्थामाथि उनले उपेक्षा गरेको आशंका गरिएको छ। यो उनको मौन विद्रोह हो। यसको पछाडि कुनै न कुनै अर्थ लुकेको छ। जुन कुरा समय क्रममा प्रकट हुने नै छ।

संसदीय व्यवस्थामा संसदको अवमूल्ययन गर्ने बालेनको कार्यशैलीले उनको आगामी राजनीतिक मार्ग परिवर्तन हुने भयले परम्परागत दलहरू सशंकित छन्। यसअघि संसद अधिवेशन स्थगित गर्दै अध्यादेशमार्फत अघि बढ्ने उनको प्रयत्नको चौतर्फी आलोचना भइरहँदा फेरि संसदकै अवमूल्यन गर्ने विषय अहिले निकै चर्चामा छ।

त्यस्तै, बालेन सरकारप्रति सेनाको मोह पनि अस्वाभाविक ढंगले बढेको देखिन्छ। नेपाली सेना परिचालनबारे संविधानतः स्पष्ट व्यवस्था भए पनि सुकुम्वासी बस्ती हटाउन सेना आफैं सक्रिय भएको विषय संवैधानिक प्रावधान विपरीतको कार्य हो। यसको पनि आलोचना भइरहेको छ। यसरी प्रधानमन्त्री बालेनका केही कदमहरू अहिले सर्वाधिक चासो र चर्चाका विषय बनिरहँदा यस्तो वातावरण परम्परागत दलले नै निर्माण गरेकाले त्यसको जिम्मेवारी पनि उनीहरूले नै लिनुपर्छ।

विगतमा पटकपटक जनताले अवसर दिँदा पनि देश र जनताका आकांक्षा बोक्न नसक्ने दलहरूकै कारण यो अवस्था आएको हो। यिनकै असक्षमता र अकर्मण्यताकै उपज बालेन र रास्वपाले परम्परागत मूल्य मान्यता प्रतिस्थापन गर्ने अवस्था निम्तिएको हो। गणतान्त्रिक व्यवस्थाका संरचनामाथि नै सरकारबाट वैधानिक आक्रमण भए पनि त्यसको प्रतिवादमा जनताले साथ दिन मुस्किल छ। अब सरकारका हरेक कदम स्विकार्नु बाहेक अरू विकल्प हाम्रो सामु छैन।

हालसालै बालेन सरकारले सुकुम्वासी बस्ती हटाउने निर्णय गर्दा सर्वहारा र श्रमजीवीको अग्रदस्ता दाबी गर्ने कुनै पनि कम्युनिष्ट पार्टीले त्यसको प्रतिरोध गर्ने सामर्थ्य जुटाउन सकेनन्। यसले सरकारमा रहँदा वर्गपक्षरता भुलेर बिचौलियासँग संगत गर्ने प्रवृत्तिकै कारण नैतिक बल गुमाएकाले सुकुम्वासीको पक्षमा उत्रिने सामर्थ्य नजुटेको अनुमान लगाउन कुनै आइतबार कुर्नु पर्दैन।

अहिले संसदमा समेत बालेनको उपेक्षाकारी प्रवृत्ति विरुद्ध दलहरूले खासै प्रतिवाद गर्न सकेका छैनन्। त्यसको मुख्य कारण पनि विगतका आफ्नै अनुत्तरदायी दलीय प्रवृत्तिमाथि प्रश्न उठ्ने र जनताबाट त्यो अस्वीकार्य हुने भयले हिम्मत जुटाउन नसकेका हुन्। मुलुकमा ३६ वर्ष शासन अवधिमा संसदभित्र अनेकौं रमिता यस अघि पनि नदेखिएको होइन। यस पटक पनि परम्परागत दलबाट सोही प्रवृत्ति दोहोरिएमा जनताबाट सहानुभूति साटो थप घृणा बढ्नेवाला छ।

अहिलेको समग्र राजनीतिक अवस्था र सम्भावित परिस्थिति आकलन गर्दा लामो राजनीतिक इतिहास बोकेका यिनी दलका लागि योजस्तो प्रतिकूल अवस्था पञ्चायतीकालीन प्रतिबन्धित कालमा पनि सायद थिएन। त्यतिबेला राज्यको निशानामा परे पनि बहुसंख्यक जनताको भने यिनै दलप्रति आगाध आस्था र विश्वास कायम थियो।

तर, समय क्रममा तिनै जनताप्रति नजरअन्दाज गर्दाको दुष्परिणाम आज जनताले बालेनको दलहरूमाथिको निषेधकारी प्रवृत्तिको पनि प्रशंसा गरिरहेका छन्। यस्तो अवस्थामा दलहरू बालेन विरुद्ध सडक तताउने प्रयत्न गरे त्यो आफ्नै लागि प्रत्यूत्पादक हुने खतरा छ। यसअघि एमाले अध्यक्ष केपी शर्मा ओलीको गिरफ्तारी विरुद्ध एमाले सडकमा उभिँदा त्यसको नतिजा देखिएकै थियो।

देशमा शासन व्यवस्था परिवर्तनको आभास जनतालाई पुराना दलहरूले दिलाउन नसकेकै हो। यदि जनआकांक्षा पूरा गरेको भए जेनजी विद्रोहबाट लखेटिनुपर्ने र चुनावबाट बढारिनुपर्ने अवस्था आउने थिएन। त्यसकै निरन्तरतास्वरुप बालेन युग व्यहोर्नुपर्ने बाध्यात्मक र अनिवार्य अवस्था सिर्जना भएको छ।

लोकतन्त्र विकृत भयो भने त्यसले भीडतन्त्र र निरकुंशतन्त्र निम्त्याउँछ भन्ने सुनिएकै हो। यिनै दलहरूले त्यही प्रवृत्ति दोहोर्याएर सत्ता राजनीतिको लुछाचुडीमै मस्त रहँदै जनताको समस्याप्रति नजरअन्दाज गर्दाकै दुष्परिणाम मुलुकमा बालेनको एकछत्र राज चलेको छ। यसको समयावधि निकै लामो समय जाने त निश्चित नै छ, सँगसँगै मार्ग पनि स्पष्ट तय भइनसकेकाले व्यवस्थामाथि नै संकट आउने संकेत समेत गरेको छ।

यतिबेला मुलुकका आम जनताले व्यवस्था भन्दा राज्यको प्रत्याभूति खोजेका छन्। व्यवस्थाले जीवनस्तरमा प्रत्यक्ष प्रभाव नपारेकोमा सबै जानकार छन्। त्यसैले परम्परागत दल विरुद्ध सरकारले जे गरे पनि जनताबाट त्यो सर्वस्वीकार्य हुनेवाला छ। सरकारले व्यवस्थामाथि नै आक्रमण गरे पनि जनताले हर्षोल्लास मनाउने परिस्थिति दलकै कारण निम्तिएको हो।

मुलुकको राजनीतिक परिवर्तनका लागि भएका संघर्षशील आन्दोलनको गौरवगाथा गाउन नचाहने स्थिति दलतन्त्रले नै निम्त्याएको हो। अझै केही दल र त्यसका नेताहरूले गणतन्त्र आफूले ल्याएको दावा गर्दै बालेनहरू गणतन्त्ररुपी फूलबारीका सुन्दर फूल भएको आत्मरतिमै रमाइरहेका छन्। आगामी दिनमा तिनै बालेनले गणतन्त्रमाथि धावा बोले ती नेताको रोदन कसले सुनिदिने होला!

बालेनले परम्परागत दलमाथि लादेको निषेधकारी रणनीति र गणतान्त्रिक संरचनामाथिको उपेक्षाले उनी सामान्य ढंगले मात्रै अघि बढेका होइनन् भन्ने गम्भीर सन्देश दिएको छ। त्यसैमाथि सेनाको पूर्णतया साथले उनी निश्चिन्त देखिन्छन्। राज्यका गुप्तचर लगायतका अन्य महत्पूर्ण संरचना पनि आफ्नो मातहत ल्याइसकेका छन्। अदालत पनि आफ्नो वशमा ल्याउन उनी उद्यत रहेको पछिल्ला घटनाक्रमले मुखरित गरेको छ।

यी सबै घटनाक्रमले बालेन दीर्घकालीन रणनीतिक लक्ष्यका साथ अघि बढेको प्रस्ट हुन्छ। समय छँदै नसच्चिए समय घर्किएपछिको आलाप विलापको कुनै उपादेयता हुँदैन। पटक पटकको अवसर सदुपयोग गरेको भए दलहरूको यस्तो पीडादायी हविगत हुने नै थिएन।

अहिले नेपाली राजनीतिमा पहिले बाघ आयो भन्दै झुक्याउँदा अन्तिममा साँच्चिकै बाघ आएको कथा जस्तै नियति परम्परागत दलहरूको बनेको छ। त्यसैले जनताको साथ पाउन जति हार गुहार गरे पनि तत्कालै जनताले विश्वास गर्ने अवस्था देखिँदैन।

अब जनता कोरा आश्वासनले भ्रममा पर्नेवाला छैनन्। जनताको विश्वास जित्न व्यावहारिक जीवनमै सच्चिएको अनुभूति दिलाउन सक्नुपर्छ। त्यसका लागि सार्वजनिक रूपमै माफी मागेर जनतामा फर्किनुको विकल्प छैन।

अन्यथा, बालेन युग दलहरूकै 'बाइप्रोडक्ट' भएकाले जनता पनि तिनै दलमाथिको दुर्दशाको तमासे बनेर विगतका कुशासनको बदला लिने मनस्थितिमा छन्। त्यसैले सार्वजनिक याचना गर्दै विगतका कमजोरीको जनतासमक्ष माफी मागेर व्यवस्था र दलको अस्तित्व जोगाउने कि झनै मटियामेट हुने त्यो दलहरूले तत्काल निर्क्योल गर्न जरुरी छ।

## आजको राशिफल

**मेष** : आज नयाँ काम सुरु गर्ने उत्साह बढ्नेछ। आर्थिक पक्ष मध्यम रहनेछ तर खर्च नियन्त्रण गर्नुपर्छ।

**बृष** : धैर्य गरे सफलता हात पर्ने दिन छ। कार्यक्षेत्रमा प्रशंसा पाइनेछ। साथीभाइसँग सानो गलतफहमी हुन सक्छ।

**मिथुन** : आज निर्णय गर्दा हतार नगर्नु राम्रो। नयाँ चिनजानबाट फाइदा हुन सक्छ। विद्यार्थीका लागि अध्ययनमा प्रगति हुनेछ।

**कर्कट** : मनमा अलि चिन्ता बढ्न सक्छ। घरपरिवारको सहयोग मिल्नेछ। आम्दानीभन्दा खर्च बढी हुन सक्छ।

**सिंह** : आत्मविश्वास बढ्ने दिन छ। व्यापारमा लाभ हुने संकेत छ। प्रेम जीवन सुखद रहनेछ।

**कन्या** : आर्थिक योजना सफल हुनेछ। नयाँ अवसर प्राप्त हुन सक्छ। सहकर्मीको साथ पाइनेछ।

**तुला** : आज विवादबाट टाढा रहनु राम्रो। काममा अवरोध आए पनि अन्त्यमा सफलता मिल्नेछ।

**वृश्चिक** : गोप्य योजना सफल हुन सक्छ। आर्थिक लाभ हुने सम्भावना छ। प्रेम सम्बन्धमा विश्वास बढ्नेछ।

**धनु** : शिक्षा र अध्ययनमा प्रगति हुनेछ। नयाँ योजना बनाउन अनुकूल दिन छ। आफन्तसँग भेटघाट हुनेछ।

**मकर** : आज मेहनत अनुसार फल पाइनेछ। कार्यक्षेत्रमा उन्नति हुने संकेत छ। धार्मिक यात्राको योग देखिन्छ।

**कुम्भ** : सृजनात्मक काममा सफलता मिल्नेछ। नयाँ सोचले फाइदा दिलाउनेछ। मित्रबाट सहयोग पाइनेछ।

**मीन** : धैर्य र संयम आवश्यक छ। आर्थिक लेनदेनमा सावधानी अपनाउनुहोस्। परिवारसँग रमाइलो समय बित्नेछ।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

## औषधि प्रयोग गर्दा ध्यान दिऔं

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

**नरहा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, नरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

# उपेन्द्र यादव र सिके राउतको पार्टीबिच एकताको तयारी

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ ०७ गते**



मधेश प्रदेश सरकारको सत्ता समीकरणमा आएको फेरबदलसँगै उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल र डा. सिके राउत नेतृत्वको जनमत पार्टीबिच पार्टी एकताको गृहकर्य सुरु भएको छ।

मधेश प्रदेश सरकारबाट बाहिरिए पछि दुवै दलका शीर्ष नेताहरू एकताका लागि सघन छलफलमा जुटेका हुन् । केही दिनदेखि अनौपचारिक संवादमा रहेका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष डा. सिके राउतबिच बिहीबार दिनभर सकारात्मक छलफल भएको स्रोतले जनाएको छ।

जसपा नेपालका एक नेताका अनुसार दुई नेताबिच पार्टी एकीकरणका विभिन्न सैद्धान्तिक र सांगठनिक मुद्दामा कुराकानी भएको छ।

राजनीतिक रूपमा उपेन्द्र यादव र सिके राउत अहिलेसम्म एक-अर्काका कट्टर प्रतिद्वन्द्वीका रूपमा चिनिँदै आएका थिए। २०७९ को प्रतिनिधिसभा निर्वाचनमा सप्तरी निर्वाचन क्षेत्र नं. २ बाट डा. राउतले यादवलाई भारी मतान्तरले पराजित गरेका थिए। त्यस्तै, बाराको उपनिर्वाचनमा पनि यादवलाई रोक्न जनमत पार्टीले ठुलो शक्ति परिचालन गरेको थियो । मधेशको राजनीतिमा शक्ति संघर्षको केन्द्रमा रहेका यी दुई नेताको सम्भावित एकतालाई राजनीतिक वृत्तमा निकै चासोका साथ हेरिएको छ।

यसअघि पनि मधेश केन्द्रित दलहरूबिच एकता गर्ने भन्दै संघीय लोकतान्त्रिक मोर्चा ले निर्णय गरेको थियो। तर, नेतृत्वको बाँडफाँट र पदको मोहका कारण उक्त प्रयास निष्कर्षमा पुग्न सकेको थिएन। अहिले बदलिएको परिस्थितिमा कुन मोडालिटीमा एकता गर्ने भन्ने विषयमा दुवै अध्यक्षबिच छलफल केन्द्रित रहेको छ।

# काज सरुवा हुँदा पनि जान मानेनन् सप्तरीका नापी प्रमुख

**अपन दैनिक संवाददाता**
**राजविराज, जेठ ०७ गते**




नापी कार्यालय सप्तरीको प्रमुख भएर आउँदा २० किलोको फूलको मालाले स्वागत भएपछि आलोचित बनेका शत्रुघ्नप्रसाद यादवको काज सरुवा भइसक्दा पनि जान मानेका छैनन्। २० किलोको फूलको मालाले स्वागत गर्दा उनी आलोचित बनेका थिए। भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले एक महिनाअघि नै उनको काज सरुवा गरिसकेको छ । तर, राजपत्राङ्कित द्वितीय क्षेणीका यादवले अझैसम्म रमानासमेत बुझेका छैनन्।

नापी कार्यालय इनरुवा, सुनसरीमा दरबन्दी रहेका उनी ५ महिनाअघि काजमा पुनः नापी कार्यालय सप्तरी आएका थिए । त्यसअघि पनि यादव सप्तरीमै साढे ३ वर्षसम्म नापी प्रमुखको जिम्मेवारीमा थिए। त्यसबखत १९ कात्तिक २०७७ मा यहाँ आएका नापी प्रमुख यादवको २४ चैत २०८० मा सरुवा भएको थियो।

गत पुस २८ मा काजमा पुनः सप्तरी आउँदा यादवलाई कर्मचारीलगायतले करिब २० किलोको फूलको मालाले स्वागत गर्दा उनी आलोचित बनेका थिए। हाल उनको ४ वैशाखमै काज सरुवा भइसकेको छ। तत्कालीन

बाँकी पृष्ठ ४ ▸▸

## प्रमुख प्रशासकीय अधिकृतको मनपरीको ...............

गरेको बताएका छन्।

प्रमुख प्रशासकीय अधिकृत सोनुकै कारणले औषधि खरिद गर्न टेण्डर प्रक्रिया ढिला हुँदा वडा स्तरमा रहेको स्वास्थ्य संस्थाहरुमा सिटामोल, जिवनजल जस्ता समान्य औषधिको अभाव हुँदै आएको छ । सिरहा नगरपालिकाका मेयर डा नवीन कुमार यादवले प्रमुख प्रशासकीय अधिकृतको कारणले जनताको प्रश्नको सामना गर्नु परेको बताएका छन्

**अपन दैनिक पत्रिका**

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

**सिधा सम्पर्क**
**०३३-५२१२१४**
बिहान १० बजे देखि ५ बजेसम्म

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ ।
- दिमागमा असर पर्नसक्छ ।
- समयमा नसुत्न सक्छन् ।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन् ।
- एकान्तमा बस्न मन पराउन सक्छन् ।
- झिज्याहट हुन सक्छ ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन् ।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन् ।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं ।

सिरहा नगरपालिका
**११ नं. वडा कार्यालय भलुवाही**
मधेश प्रदेश, सिरहा (नेपाल)

# मधेश प्रदेश जसपा नेपाल संसदीय दलको नेतामा यादवले पाए निरन्तरता

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ०७ गते**



मधेश प्रदेश जसपा नेपाल संसदीय दलको नेतामा सरोज कुमार यादव निरन्तरता पाएका छन्।

जसपा नेपाल र लोसपा नेपाल एकीकरण पश्चात हिजोदेखि दलको नेता चयन गर्न कसरत चलेको थियो । पुनः सर्वसम्मत जसपा नेपालको संसदीय दलका नेता रहेका यादवलाई नै निरन्तरता दिएको हो।

दुवै दल एकीकरण पश्चात मधेश प्रदेशमा २६ सिटसहित जसपा नेपाल सबभन्दा ठूलो दल बनेको छ। दुईजना सांसद हाल निलम्बनमा छन्।

यसअघि पहिलो दल रहेको नेकपा एमाले अब २४ जना प्रदेश सभा सदस्य सहित दोस्रो र नेपाली कांग्रेस २२ जना प्रदेश सभा सदस्य सहित तेस्रो ठूलो दल रहेको छ।
यस्तै, नेपाली कम्युनिस्ट पार्टी १५ सिटसहित चौथो, जनमत पार्टी १२ सिटिहित पाँचौं दल बनेको हो।

राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल संघीय समाजवादी पार्टीको एकएक जना प्रदेश सभा सदस्य छन्।

## कांग्रेसले जारी गऱ्यो ३२ बुँदे मधेश ............

नागरिकमुखी नीतिमार्फत उत्तरदायी र जबाफदेही सरकारको रूपमा थप प्रभावकारी ढङ्गले कार्य गर्ने।"

यस्तै असल शासन, विधि र जबाफदेहितालाई एक-अर्काका परिपूरकका रूपमा लिँदै, विधिमा टेकेर मात्र निर्णयहरू गर्ने मान्यतामा दृढ रहने उल्लेख छ।

संघीय सरकारबाट भइरहेका अलोकतान्त्रिक गतिविधिप्रति चिन्ता व्यक्त गर्दै, संघीय सरकारलाई संविधानको मर्म र भावना, विधि प्रक्रिया, नागरिकको आत्मसम्मान र मानवीयतालाई केन्द्रमा राख्न ध्यानाकर्षण गराउने भनिएको छ।

यस्तै, नेपाली कांग्रेसको नेतृत्वमा मधेश प्रदेश सरकार र स्थानीय सरकारले सुरु गरेका असल अभ्यास र नवीन सिर्जनात्मक अभियानहरूलाई सूचीबद्ध गरी नागरिक पङ्क्तिमा पुऱ्याउने। एक स्थानीय तहले गरेका असल अभ्यासलाई अन्य स्थानीय तहमा समेत ग्रहण गर्ने उल्लेख छ।

मधेश प्रदेश सरकारको संरचनात्मक रूपान्तरण र व्यवस्थापकीय सुधार गर्न अनावश्यक संरचना खारेज वा समायोजन गरी स्थानीय सरकारबाट गर्न सकिने कार्य स्थानीय सरकारसँगको साझेदारीमार्फत सेवा प्रवाहलाई जनताको घर आँगनमा पुऱ्याउने भनिएको छ।

स्थानीय सरकारबाट प्रदान गर्ने सेवा प्रवाहलाई थप सरलीकृत गर्ने। अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी, दीर्घ रोग भएका नागरिक र अति विपन्न बस्तीमा घर-आँगनमै सेवा दिने प्रयासलाई प्रभावकारी बनाउने। जन्मदर्ता, मृत्युदर्ता, स्वास्थ्य बिमा दर्ता र नवीकरण लगायतका सेवा "अनलाइन वा आँगनबाट" प्रदान गरिने उल्लेख छ।

संवैधानिक व्यवस्था अनुरूप सबै स्थानीय सरकारले असार १० भित्र अनिवार्य रूपमा बजेट सभामा पेस गर्ने। नीति तथा कार्यक्रम अनुसार बजेट तर्जुमा गर्ने। योजना तर्जुमा गर्दा अनिवार्य रूपमा सात चरण पूरा गरेर तथ्यमा आधारित र परिणाममुखी बनाउने । खर्चको मापदण्ड बनाई कार्यविधि बमोजिम मात्र गर्ने । "शून्य बेरुजु स्थानीय तह" का लागि विशेष अग्रसरता लिने भनिएको छ।

## मधेशमा फेरियो सत्ता समीकरण ...........

समिरलाई बिहीबार राती नै बिना विभागीय मन्त्री नियुक्त गरिएको छ। यता, कांग्रेस नेतृत्वको सरकारमा रहेका जनमत पार्टीका दुई मन्त्री अर्थमन्त्री महेशप्रसाद यादव र खेलकुद तथा समाजकल्याण मन्त्री वसन्त कुशवाहले बिहीबार अबेर साँझ राजिनामा गरेका छन्।

कांग्रेस, एमाले र नेकपाबीच केन्द्रीय तहमै भएको सहमतिअनुसार मधेश प्रदेश सरकारमा पनि जनमत र जसपा नेपाललाई सत्ताबाहिर राखेर एमालेलाई सरकारको सारथि बनाइएको हो । जसपा नेपालको संसदीय दलको बिहीबार जनकपुरमा बसेको बैठकले कांग्रेस नेतृत्वको सरकारलाई विश्वासको मत दिने निर्णय गरे पनि त्यो दललाई सत्ता गठबन्धनबाट हटाइएको छ।

जसपा नेपालका मधेश प्रदेश सांसद उपेन्द्र महतोले आफ्नो दलले विश्वासको मत दिने निर्णय गरे पनि मधेश प्रदेश सरकारमा नयाँ सत्ता समीकरण देखिएकाले शुक्रबार विश्वासको मत दिने कि नदिनेबारे फेरि पुनर्विचार हुने बताए। 'मधेश प्रदेशमा सत्ता समीकरण नयाँ बनेको जस्तो घटनाक्रमले देखाएको छ,' जसपा नेपालका सांसद महतोले भने, 'हामीले कांग्रेस नेतृत्वको सरकारलाई विश्वासको मत दिने निर्णय गरिसक्यौं। तर, राती सारथि दल फेरिएका छन्। शुक्रबार फेरि छलफल हुनेछ।'

मधेश प्रदेशका मुख्यमन्त्री यादवले एमालेका समिरलाई मन्त्री नियुक्त गरेपछि सत्ता सारथि दल जनमत र जसपा नेपाल संशकित बनेका हुन्। जसपा नेपालका तीन मन्त्रीलाई बर्खास्त गरेर मुख्यमन्त्री यादवले समिरलाई बिना विभागीय मन्त्री नियुक्त गरेका हुन्। मधेश सरकारमा भौतिक पूर्वाधार तथा विकास मन्त्री राजकुमार गुप्ता, शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारी र श्रम तथा यातायात मन्त्री मनीष सुमनलाई मुख्यमन्त्री यादवले हटाएका छन्। गुप्ता, तिवारी र सुमन जसपा नेपालबाट मन्त्री बनेका थिए। जसपा नेपालका तीनै जना मन्त्रीलाई मुख्यमन्त्री यादवले सत्ता समीकरण फेरबदल हुने भन्दै राजीनामा दिनका लागि भनेका थिए। राजीनामा नदिएपछि बर्खास्त गरेका हुन्।

जनमत पार्टीले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले शुक्रबार दिउँसो १ बजे विश्वासको मत लिने कार्यसूची तय गरिएको छ। एमालेले समर्थन गरेपछि कांग्रेस नेतृत्वको मधेश प्रदेश सरकारसँग सुविधाजनक बहुमत रहेको छ।

**स्वच्छ शहर : स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं।
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं।
- तोकिएको स्थानमा मात्र फोहोर फालौं।
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं।
- सार्वजनिक स्थलका बोटबिरुवा तथा फूलको संरक्षण गरौं।
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं।
- ध्वनि र वायु प्रदूषण कम गरौं।
- सडकको समयसमयमा मर्मतसम्भार गरौं।
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

# मधेशको आर्थिक वृद्धि एक दशमलव ३१ प्रतिशतमा सीमित हुने

✍अपन दैनिक संवाददाता
जनकपुरधाम, जेठ ०७ गते

मधेश कृषि क्षेत्रमा नकारात्मक प्रभाव पारेका कारणले धान, मत्स्य तथा वन क्षेत्रले दिने योगदान तुनात्मक रूपमा कम भएका कारणले चालु आर्थिक वर्षमा आर्थिक वृद्धि दर कमजोर रहने जनाइएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालय, तथ्याङ्क समन्वय कार्यालय धनुषाले बुधबार सार्वजनिक गरिएको प्रादेशिक कुल गार्हस्थ्य उत्पादन अनुमानसम्बन्धी समष्टिगत आर्थिक सूचकमा त्यस्तो जनाइएको हो। यस पटक पर्याप्त मात्रामा पानी नपरेका कारणले धान तथा मत्स्य उत्पादनमा नकारात्मक प्रभाव पारेकाले विगत तीन वर्षयताकै सबैभन्दा कम आर्थिक वृद्धिदर हासिल हुने तथ्याङ्क अधिकृत नरबहादुर कुँवरले जानकारी दिए।

आर्थिक वर्ष २०८०/८१ मा भने मधेशमा तीन दशमलव १८ प्रतिशत र आर्थिक वर्ष २०८१/८२ मा दुई दशमलव ७२ प्रतिशत आर्थिक वृद्धि रहेको थियो। लगातार दुई वर्षयता मधेशको कृषि उत्पादनमा नकारात्मक प्रभाव पारेका कारणले आर्थिक वृद्धि दर खस्कँदै गएको कार्यालयले जनाएको छ।

आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादनमा मधेश प्रदेशको योगदान १३ दशमलव एक प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ।

तथ्याङ्क सार्वजनिकीकरण कार्यक्रममा प्रदेशका नीति तथा योजना आयोगका सदस्य राजकिशोर सिंहले मधेश प्रदेशमा कृषिको योगदान घट्दा यो समस्या आएको बताए। आगामी बजेटमा कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार र सामाजिक विकासलाई प्राथमिकतामा राख्ने बताए।

# धनुषामा अवैध उत्खनन रोक्न माग गर्दै प्रदर्शन, नगरपालिकाअगाडि बालियो टायर



✍अपन दैनिक संवाददाता
जनकपुरधाम, जेठ ०७ गते

धनुषाको पूर्वपश्चिम राजमार्ग ढल्केवरमा ग्राभेलको अवैध उत्खनन रोक्न माग गर्दै स्थानीयवासीले विरोध प्रदर्शन गरेका छन्।

बिहीबार जिल्लाको मिथिला नगरपालिका-९ स्थित बडहरी खोलाबाट भइरहेको ग्राभेलको अवैध उत्खनन रोक्न माग गर्दै स्थानीयवासीले ढल्केवरस्थित नगरपालिका कार्यालयको अगाडि प्रदर्शन गरेका हुन्।

नगरपालिकाको कार्यालय अगाडि टायर बालेर नाराबाजी गर्दै केहीबेर राजमार्ग अवरुद्धसमेत गरेका छन्। प्रदर्शनको क्रममा गरिएको सडक अवरुद्धले आवागमन समेत रोकिएपछि प्रहरीले सम्झाइबुझाइ सडक खोल्न लगाएका थिए।

आन्दोलनरत स्थानीयवासीहरूले खोलाबाट जथाभाबी र अवैधरूपले ग्राभेल उत्खनन हुँदा नदी आसपासका खेतीयोग्य जमिन भासिने जोखिम बढेको र उत्खननले खोलामा बनेको खाडलमा बालबालिका डुब्ने जोखिम समेत बढेकाले तत्काल रोक्न माग गरेका छन्।

नगरपालिकाले नगर क्षेत्रस्थित बडहरी, बसही, औरही, जलाधार र रातु खोला गरी ६ वटा खोला ग्राभेल उत्खननका लागि काठमाडौँस्थित नेरिसा कन्ट्रक्सन कम्पनी प्रालिलाई तीन करोड पाँच लाख ६२ हजार २७३ रुपैयाँमा ठेक्का दिएको छ।

स्थानीयवासीले माग पूरा नभएसम्म आन्दोलनलाई थप सशक्त बनाउने चेतावनीसमेत दिएका छन्। स्थानीयवासीको विरोधपछि मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले स्थानीयको माग सम्बोधन गर्न आवश्यक प्रक्रिया अघि बढाइने बताएका छन्।

उनले भने, 'सबभन्दा पहिला अवैध क्रसर बन्द गरिनुपर्‍यो, जहाँसम्म नगरपालिकाले लगाएको ठेक्कामा अवैध वा मापदण्ड विपरीत उत्खनन भएको छ भने त्यसको अनुगमन गरी दोषी पाइएको खण्डमा कारबाही प्रक्रिया अघि बढाइने छ।' उनले ठेक्का नलगाएको अवस्थामा पनि अवैध क्रसर सञ्चालन र चोरी निकासी बढेपछि मात्रै कार्यपालिकाको बैठकबाट ठेक्का लगाइएको हो।

# कल्याणपुरमा नि:शुल्क स्वास्थ्य शिविर, ४३० जना लाभान्वित

✍अपन दैनिक संवाददाता
सिरहा, जेठ ०७ गते



सिरहाको कल्याणपुर नगरपालिका वडा नं. ९ को कार्यालय र फुलकुमारी मेमोरियल होस्पिटलको समन्वयमा आयोजित एकदिने स्वास्थ्य शिविरबाट ४३० जनाले नि:शुल्क स्वास्थ्य सेवा लिएका छन्। शिविरमा बिरामीहरूलाई औषधिसमेत नि:शुल्क वितरण गरिएको आयोजकले जनाएको छ।

वडा कार्यालयको आयोजनामा सम्पन्न शिविरमा महिला प्रसूति तथा स्त्री रोगका १०० जना, बाल रोगका १०० जना, जनरल फिजिसियनका २०० जना तथा आँखा रोगका ३० जना बिरामीले सेवा लिएको शिविरमा सहभागी चिकित्सक डा. चन्द्रशेखर यादवले जानकारी दिए।

वडा नं. ९ का अध्यक्ष विनोद यादवले आर्थिक अवस्था कमजोर भएका तथा स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका अति विपन्न परिवारका नागरिकलाई लक्षित गरी शिविर सञ्चालन गरिएको बताए।

उनले गाउँघरका धेरै नागरिक आर्थिक अभावका कारण उपचार गराउन नसक्ने तथा रोग पहिचानसमेत गर्न नपाएको गुनासो आउने गरेको उल्लेख गर्दै त्यही अवस्थालाई मध्यनजर गरी शिविर आयोजना गरिएको बताए।

## काज सरुवा हुँदा पनि जान मानेनन् सप्तरीका ................

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले चलानी नम्बर १२२७ उल्लेखित पत्र पठाउँदै यादवलाई नापी विभागमा काज सरुवा गरेको हो।

मन्त्रालयको सचिवस्तरीय निर्णयअनुसार निजामती सेवा ऐन, २०४९ को दफा १८ क (१) बमोजिम यादवलाई काजमा विभाग पठाएको हो। तर, ३५ दिन बित्न लाग्दा पनि उनी यहाँबाट जान चाहेका छैनन्। ती विषयमा प्रश्न गर्दा नापी प्रमुख यादवले भने, 'मलाई मिडियासँग कुरा गर्नु छैन।'

मन्त्रालयका सूचना अधिकारी उपसचिव राजेन्द्रप्रसाद गौतमले कर्मचारी सरुवाका विषयमा विभागलाई जानकारी हुनुपर्ने बताए। 'यहाँको म बुझ्दैछु,' उनले भने, 'बरु थप जानकारी विभागमै होला, त्यतैबाट बुझ्नू त।' नापी विभागका सूचना अधिकारी दयानन्द जोशीले मन्त्रालयले यादवलाई काजमा खटाएको बताए। 'हाम्रो रेकर्डमा नापी प्रमुख यादव सप्तरीमै हुनुहन्छ,' उनले भने, 'उहाँ (यादव) काजमा पठाएको ठाउँमा जानुभयो वा भएन भन्ने विषयमा मन्त्रालयले नै फलोअप गर्नुपर्ने हो।' मन्त्रालयमै त्यस विषयमा थप जानकारी हुनुपर्ने सूचना अधिकारी जोशीको भनाइ छ।

## संविधान संशोधनबारे कुन दलका नेताले .............

आफ्नो र दलको धारणा राखेका थिए। जसमा जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले संविधान संशोधन गर्दा गणतन्त्रलाई थप मजबुत बनाउनुपर्ने बताए। यद्यपि, संरचनागत रूपमा भने व्यापक सुधार दिनुपर्नेमा जोड दिए।

राउतले प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रत्यक्ष निर्वाचित नै प्रदेश प्रमुखको व्यवस्था हुनुपर्नेमा जोड दिए। संवैधानिक निकायका प्रमुख पनि निर्वाचित हुनुपर्ने र खर्चिलो निर्वाचन प्रणाली बदल्नुका साथै 'राइट टु रिजेक्ट' (अस्वीकार गर्ने अधिकार) र 'राइट टु रिकल' (प्रतिनिधि फिर्ता बोलाउने अधिकार)लाई संविधानमै ग्यारेन्टी गरिनुपर्ने उनको सुझाव थियो।

राउतले विज्ञहरूबाट मन्त्री बनाइनुपर्ने, सांसदहरूमा ह्विप लाग्न नहुने र सर्वोच्च अदालतका न्यायाधीशसमेत निर्वाचित हुनुपर्ने व्यवस्था गर्नुपर्ने प्रस्ताव राखे। आर्थिक नीतिमा समाजवादोन्मुख शब्दले निजी क्षेत्र हतोत्साहित भएको भन्दै उनले त्यसको सट्टा सामाजिक लोकतन्त्र राख्नुपर्ने बताए।

नेपाली कांग्रेसका नेता मीन विश्वकर्माले संविधानका मूलभूत विषय र प्रस्तावना चलाउन नहुने धारणा राखे। गणतन्त्र, संघीयता, समावेशिता र राष्ट्रिय सार्वभौमिकताजस्ता मूलभूत उपलब्धिमा हस्तक्षेप गर्न नमिल्नेमा उनको जोड थियो।

जनप्रतिनिधिसको संख्या धेरै भएको बताउँदै उनले त्यसलाई प्रत्यक्ष निर्वाचन प्रणालीभित्रै समावेशिता सन्तुलन गर्न सकिने विकल्पसमेत प्रस्तुत गरे। प्रत्यक्ष निर्वाचन प्रणालीभित्रै समावेशिता सुनिश्चित गर्न तथा बहुप्रतिनिधिक निर्वाचन प्रणाली लागु गर्नुपर्ने उनको धारणा थियो।

नेकपा एमालेका नेता कृष्णभक्त पोखरेलले संशोधनका क्रममा संविधानको मूल आधारस्तम्भ भत्काउने कुरा एमालेलाई स्वीकार्य नहुने बताए। उनले राष्ट्रियसभाको सदस्य संख्या घटाउन, उपराष्ट्रपतिलाई नै राष्ट्रियसभाको अध्यक्षको जिम्मेवारी दिन सुझाव दिए।

यस्तै प्रदेशमा बढीमा पाँचदेखि सात जना मात्र मन्त्री राख्ने व्यवस्था गर्ने र गैरआवासीय नेपालीलाई राजनीतिबाहेकका अधिकार दिन ढिला गर्न नहुने बताए।

नेपाली कम्युनिस्ट पार्टीका नेता माधव सापकोटाले पूर्ण समानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष कार्यकारी प्रमुखको व्यवस्था हुनुपर्ने सुझाव दिइ।

यस्तै विज्ञबाट मन्त्री चयन गर्ने व्यवस्था गर्नुपर्ने र राष्ट्रप्रमुखलाई स्वेच्छाचारी बन्न नदिन महाभियोग र नियन्त्रण सन्तुलनका संयन्त्र स्पष्ट हुनुपर्ने सापकोटाले धारणा राखे।

प्रदेशसभाको सट्टा गाउँपालिका तथा नगरपालिकाका प्रमुखलाई प्रदेशसभाको भूमिकामा राख्न सकिने उनको फरक प्रस्ताव थियो।

पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले विगतका सात संविधानका सबल र दुर्बल पक्षको पूर्वाग्रहरहित समीक्षा गरेर मात्र दीर्घकालीन संविधान संशोधनको मार्गचित्र कोर्नुपर्ने सुझाव दिए।

हतारमा निर्णय गर्दा संविधान निर्जीव बन्ने खतरा औंल्याउँदै उनले हतारो नगरेर परिपक्व काम गर्न आग्रह गरे।

रास्वपाका महामन्त्री कवीन्द्र बुर्लाकोटीले संविधान संशोधनका लागि अहिले उपयुक्त समय भएको भन्दै आम नागरिकका विचार समेटेर छिटो अघि बढ्नुपर्ने बताए। सबै राजनीतिक दलहरू आन्तरिक तयारी र आपसी संवादमा जुटिसकेकाले अब संविधान संशोधनको विषय चाँडै अगाडि बढाउँदा सकारात्मक नतिजा आउने बुर्लाकोटीको धारणा थियो।

राष्ट्रिय मुक्ति पार्टी नेपालका केशवकुमार झाले वर्तमान संविधानमा नेपालको मौलिकपन, दर्शन र संस्कृति गायब भएको टिप्पणी गर्दै यसमा व्यापक परिमार्जनको आवश्यकता रहेको बताए।

पूर्वमन्त्री कल्पना धमलाले मौलिक हकको कार्यान्वयन र आमाका नामबाट रूपमा सहज नागरिकता पाउने व्यावहारिक प्रबन्धमा जोड दिइन्। उनले समानुपातिक समावेशी कोटामा एक पटकभन्दा बढी दोहोरिन नपाउने व्यवस्था गर्नुपर्ने सुझाव दिइन्।

सडक सुरक्षा

सडकमा हिडदा होसियार बनौ,
नियम मानेर अनुशासित बनौ
हेलमेट, सिटबेल्ट, नबिर्सौं, जीवनलाई सुरक्षित बनाऔं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व-उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल